हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही

आज मिती २०७७ साल भाद्र महिनाको २ गते विहान ७ वजेका दिन हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख श्री जमिरुदिन मंसुरज्युको अध्यक्षतामा देहायका पदाधिकारीज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

**उपस्थिती**

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य (वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महम्द हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) कि. | ~~हरिनाथ प्रसाद साह~~ मंगलु चौधरी | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७७।०५।०२

<u>छलफलका लागी पेश भएका प्रस्तावहरु</u>

१. पोखरी विवरण संकलन गर्ने सम्बन्धमा ।
२. २०७६।०७७ को विशेष तथा सम्पुरक कोषको कार्यक्रम सम्वन्धमा ।
३. कोभिड १९ कोरोना भाइरसको कारणले भएको लकडाउनमा दिने कर तथा राजस्व छुट सम्वन्धमा ।

**निर्णय नं. १**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको पोखरी विवरण संकलन गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुमा रहेको सार्वजनिक पोखरीहरुको सम्पुर्ण विवरण वडा कार्यालयले संकलन गरी २०७७ अशोज ०२ गते भित्र यस नगरपालिकाको कार्यालयमा बुझाउने निर्णय गरियो ।

**निर्णय नं. २**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको २०७६।०७७ को विशेष सम्पुरक कोषको कार्यक्रम सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा संचालित विशेष सम्पुरक कोषको कार्यक्रममा २०७६।०७७ मा यस नगरपालिका अन्तर्गत श्री महावीर जनत मा.वि. हरिपुर २ लाई सम्पुरक कोषबाट ३ वर्षे योजना अन्तर्गत ६८ लाख र यस वर्षको पाउनु पर्ने रु. ६८ लाख सम्वन्धीत निकायसँग माग गर्ने साथै सोही वर्षको विशेष कार्यक्रम अन्तर्गत श्री आधारभुत जनता मावि लक्ष्मीपुर (को.) ६ को विशेष कोष रु. १ करोड समेतको ठेक्का आब्हान भई मुल्याँकनको चरणमा रहेको र लकडाउन भएको कारण ठेक्का प्रक्रिया अगाडी वढन नसकेकाले आ.व. २०७६।०७७ को फ्रिज भएको विशेष र सम्पुरक कोष अनुदानको रकम निकासा गरिदिनु हुन राष्ट्रिय योजना आयोगसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको **कोभिड १९ कोरोना भाइरसको कारणले भएको लकडाउनमा दिने कर तथा राजस्व छुट सम्बन्धी** प्रस्ताव उपर छलफल गर्दा हाम्रो नेपालमा मात्र नभई विश्व भरी नै कोभिड १९को कारणले लकडाउन भएको र भिडभाड हुने हाटबजारहरु लकडाउनको अवधीभर नपा तथा नेपाल सरकारको आदेशमा बन्द भएको र आन्तरिक आए उठाउने बजारका ठेकेदारहरुले क्षतीपुर्तिको लागि माग गरेको सन्दर्भमा यस कार्यपालिकाको ध्यान आकर्षित हुँदा लक डाउनको समयमा वजारहरु वन्द भएको र ठेकेदारहरुको कावु वाहिरको परिस्थीतीको सृजना भइ मार्का परेको देखिएको र यो कोभिड १९ को कहर कती समय सम्म रहने हो अहिले नै एकिन भन्न सकिने अवस्था नरहेको हुँदा यस नगरपालिका भित्र आन्तरिक आय उठाउने ठेकेदारहरुलाई लकडाउन अवधीको समयको क्षतीपुर्ति स्वरुप आगामी आ.व. २०७७।०७८ मा म्याद थप गरी निजहरुलाई ठेक्का भोगचलन गर्न दिने भनि छैठौं नगरसभाबाट निर्णय समेत भएको हुँदा चालु आ.व. को फागुन मसान्त सम्म लकडाउन अवधीको क्षतीपुर्ती स्वरुप साविककै ठेकेदारहरुलाई कुनै रकम नलिई पुरानै ठेक्काको क्षतीपुर्ती स्वरुप भोग चलन गर्ने दिने निर्णय गरियो ।